महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
सबल बैंक, सफल सहकार्य

BPA 2018 | SAFA 2018 | L&D BFIN 2023 | CERTIFIED ISO 9001:2015 COMPANY

# महालक्ष्मी बुलेटिन

वर्ष ६, अंक २३



## Vision दुरदृष्टि

To become "The Most Trusted Bank" to the customers, to the employees, to the stakeholders and to the regulators through the process of continuous innovation and improvement, strong corporate governance and professional work culture.

निरन्तर नविनतम खोज तथा सुधार, बलियो संस्थागत सुशासन तथा व्यवसायिक कार्य संस्कृतीको माध्यमबाट ग्राहकवर्ग, कर्मचारी, सरोकारवाला तथा नियमनकारी निकायहरु बीच सबैभन्दा विश्वासिलो बैंकको रुपमा स्थापित हुने ।

## Mission मिसन

Our Mission is to offer safety of deposits & render best services to the customers, build the best place to work with, provide best & perpetual returns to the stakeholders with the strict compliance to the regulations.

नियमनकारी निकायबाट जारी नियामकीय निर्देशनको पुर्ण रुपमा अनुपालना गर्दै निक्षेपको सुरक्षण प्रदान गर्ने, ग्राहकलाई विशिष्ट सेवा प्रदान गर्ने, बैंकलाई उत्तम कार्यथलोको रुपमा विकसित गर्ने तथा शेयरधनीहरुलाई सदैव उचित प्रतिफल प्रदान गर्ने ।

## Objectives उद्देश्यहरु

- Provide excellence in customer service by proactive approach.
- Sell financial products that are competitively priced.
- Continue business in an ethical, transparent and responsible manner, becoming the role model of corporate governance.
- Deliver strong financial and operational efficiency by implementing cutting edge technology.
- Continuously improve the asset quality to obtain sustainable returns.
- Apply cost effective approach to reduce operational expenses.
- Adopt professional approach in effectively managing financial as well as non-financial risks.
- Build a Centre for career growth to performing employees.
- Maximize profitability by working under the guideline of regulators and internal policies/ guideline.

- पुर्व सक्रियताको माध्यबाट ग्राहक सेवामा विशिष्टता प्रदान गर्ने ।
- प्रतिस्पर्धी बजार मुल्यमा वित्तीय सेवा प्रदान गर्ने ।
- व्यवसायमा नैतिकता, पारदर्शीता तथा उत्तरदायित्वलाई निरन्तर आत्मसाथ गर्दै संस्थागत सुशासनमा नमुनाको रुपमा प्रस्तुत हुने ।
- अत्याधुनिक प्रविधिको प्रयोग गरी बलियो वित्तिय तथा सञ्चालन प्रभावकारिता प्रदान गर्ने ।
- दिर्घकालीन प्रतिफल आर्जन गर्न सम्पत्ति गुणस्तरमा निरन्तर सुधार गर्ने ।
- वित्तीय तथा गैह्र वित्तीय जोखिम प्रभावकारी रुपमा ब्यवस्थापन गर्न व्यवसायिक पद्धतीको अवलम्बन गर्ने ।
- लागत प्रभावकारिताको माध्यमाबाट सञ्चालन खर्च कम गर्ने ।
- कुशल कार्य प्रर्दशन गर्ने कर्मचारीहरुलाई वृति विकासको लागि केन्द्र निर्माण गर्ने ।
- नियमनकारी निकायहरुबाट जारी गरिएका मार्गदर्शन तथा आन्तरिक निति/मार्गदर्शन भित्र रही नाफा वृद्धि गर्ने ।

## Corporate Values संस्थागत मूल्यहरु

- Customer Centric
- Respecting all forms of diversity
- Committing towards high level of ethics, governance and professionalism
- Focusing towards innovation
- Being accountable for all our actions

- ग्राहक केन्द्रित
- सबै प्रकारको विविधताको सम्मान
- नैतिकता, सुशासन तथा व्यवसायिकता प्रति उच्तम प्रतिबद्धता
- नवप्रवर्तन प्रति जोड
- हाम्रो सबै कार्य प्रति हामी सबै उत्तरदायी

# *Financial* Highlights

***As on Poush End 2081***

***As per Unaudited Financial Report (Amount in NPR)***

**Deposit**
Poush 2081: 54.09 Arba
Poush 2080: 54.74 Arba
Change: -1.18%

**Loan (NET)**
Poush 2081: 46.75 Arba
Poush 2080: 45.61 Arba
Change: 2.49%

**Balance Sheet Size**
Poush 2081: 63.03 Arba
Poush 2080: 63.75 Arba
Change: -1.12%

**Number of Deposit Account**
Poush 2081: 801,901.00
Poush 2080: 749,721
Change: 6.96%

**Net Profit**
Poush 2081: 28.75 Crore
Poush 2080: 27.80 Crore
Change: 3.40%

**NPL %**
Poush 2081: 4.93%
Poush 2080: 4.21%
Change: 0.72%

**Operation Profit**
Poush 2081: 41.23 Crore
Poush 2080: 39.57 Crore
Change: 4.19%

**Number of Loan Accounts**
Poush 2081: 20,988
Poush 2080: 22,729
Change: -7.66%

**Reserve**
Poush 2081: 2.51 Arba
Poush 2080: 2.19 Arba
Change: 14.68%

**Profit Before Tax**
Poush 2081: 41.07 Crore
Poush 2080: 39.72 Crore
Change: 3.40%

**Net Worth Per Share**
Poush 2081: 165.35
Poush 2080: 154.04
Change: 7.35%

**Earnings Per Share (Annualized)**
Poush 2081: 13.78
Poush 2080: 13.33
Change: 3.40%

**Net Operating Income**
Poush 2081: 97.13 Crore
Poush 2080: 92.79 Crore
Change: 4.68%

**Number of ATMs**
49

**Number of Branches**
103

# महालक्ष्मी विकास बैंक लि.को तेईसौं वार्षिक साधारण सभा सम्पन्न

महालक्ष्मी विकास बैंक लिमिटेडको तेईसौं वार्षिक साधारण सभा बैंक सञ्चालक समितिका अध्यक्ष श्री राजेश उपाध्यायको अध्यक्षतामा मिति २०८१ साल पौष २९ गते सोमबार (तद्अनुसार १३ जनवरी, २०२५) एलिस रिसेप्सन्स, सुवर्ण सम्शेर मार्ग, गैह्रीधारा, काठमाडौमा सम्पन्न भएको छ।

यस अवसरमा २०८१ साल आषाढ मसान्तको वासलात तथा आ.ब. २०८०/०८१ को नाफा नोक्सान हिसाव एवं सोही अवधिको नगद प्रवाह विवरण, नाफा/नोक्सान बाँफाँड हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध वित्तीय विवरणहरु छलफल गरी स्वीकृत भएका छन्। यसै गरी वार्षिक साधारण सभा मार्फत संचालक समितिले प्रस्ताव गरे बमोजिम ७ प्रतिशत लाभाशं वितरण गर्ने प्रस्ताव समेत अनुमोदन भएको छ। यस अन्तर्गत आ.व.२०८०/०८१ को वितरणयोग्य मुनाफा रकमबाट हाल कायम रहेको चुक्ता पूंजीको ४ प्रतिशत नगद लाभांश (लाभांशमा लाग्ने कर प्रयोजनार्थ समेत) तथा ३ प्रतिशत बोनस शेयर बितरण गर्ने प्रस्ताव पारित भएको हो।

आर्थिक वर्ष २०७९/८० को तुलनामा आर्थिक वर्ष २०८०/८१ को अन्त्य सम्म बैंकका समग्र वित्तीय परिसुचकहरुमा सकरात्मक परिवर्तन देखिएको छ। आर्थिक वर्ष २०७९/८० मा रु. ३७.७५ करोड खुद मुनाफा रहेकोमा ३३ प्रतिशत नाफा वृद्धि गर्दै आर्थिक वर्ष २०८०/८१ मा खुद नाफा रु. ५०.०३ करोड पुगेको छ। आर्थिक वर्ष २०८०/८१ को अन्त्यमा प्रति सेयर आम्दानी रु. १२, पुँजी पर्याप्तता अनुपात १४.९३ प्रतिशत, शेयरधनी कोषमा प्रतिफल ७.४२ प्रतिशत तथा लाभांश दर ७.०० प्रतिशत रहेको छ।




सभाका अध्यक्ष श्री राजेश उपाध्यायले शेयरधनी महानुभावहरुहरुबाट प्राप्त सल्लाह सुझावलाई आत्मसात गर्दै बैंकले ग्राहकहरुको सन्तुष्टि एवं लगानीको उचित प्रतिफल प्रदान गर्न बैंकका क्रियाकलापहरुलाई थप परिमार्जन तथा विशिष्टीकरण गर्दै अझ बढि सक्षमताका साथ गुणस्तरीय वित्तीय सेवा प्रदान गर्न प्रतिवद्धता व्यक्त गर्नुभयो। साथै शेयरधनी तथा बैंकसँग सम्बन्धित सम्पूर्ण सरोकार पक्षहरुले पुर्याउनु भएको सहयोगको लागि धन्यवाद ज्ञापन गर्नुभएको छ।

# महालक्ष्मी विकास बैंकको कार्यालय भवनको भूमि पूजा कार्यक्रम सम्पन्न




महालक्ष्मी विकास बैंकले काठमाण्डौं जिल्ला का.म.न.पा वडा न. ३०, ज्ञानेश्वरमा आफ्नो कार्यालय भवन निर्माणको लागि भूमि पूजा कार्यक्रम सम्पन्न गरेको छ।

बैंकका संचालक समितिका सदस्यहरु, प्रमुख कार्यकारी अधिकृत लगायतका उच्च व्यवस्थापन समितिका पदाधिकारीहरु र बैंक कर्मचारीहरुको उपस्थितिमा मिति २०८१/०८/०५ गते एक कार्यक्रमका बीच बैंकका संचालक समितिका अध्यक्ष श्री राजेश उपाध्याय ज्यूबाट भूमि पूजन कार्यक्रम सम्पन्न भएको छ। आगामी ९ महिना भित्र निर्माण सम्पन गर्ने लक्ष्य लिइएको उक्त भवनमा केन्द्रीय कार्यालयका विभिन्न विभागहरु र शाखा कार्यालय रहनेछ। कार्यप्रवाहलाई थप प्रभावकारी बनाउन तथा डिजिटल प्रविधिको अधिकत्तम उपयोग गरी सेवाग्राहीलाई आधुनिक, सहज र सरल सेवा प्रदान गर्न उक्त भवनलाई डिजिटल हब (Digital Hub) को रुपमा समेत विकास गरिनेछ।

# महालक्ष्मी विकास बैंकद्वारा "डिजिटल भुक्तानी केन्द्र" को समउद्घाटन

महालक्ष्मी विकास बैंकले मिति २०८१/०८/२४ गते आयोजित एक कार्यक्रमका बीच शाखा कार्यालय दरबारमार्गमा डिजिटल भुक्तानी केन्द्र (Digital Payment Center) को समउद्घाटन गरेको छ।




ग्राहकहरुलाई अत्याधुनिक डिजिटल भुक्तानी सेवा प्रवाह गर्ने बैंकको निति बमोजिम डिजिटल भुक्तानी केन्द्र मार्फत विभिन्न अनलाइन भुक्तानी सम्बन्धी सेवाहरु प्रवाह गरिनेछ। यस अन्तर्गत सुरक्षित र आधिकारिक इलेक्ट्रोनिक भुक्तानी प्लेटफर्महरुको प्रयोग गरी बैंकले सहज, सरल र झन्झटरहित तरिकाले भिसा शुल्क तथा विदेशमा अध्ययन गर्न चाहाने विधार्थीहरुको आवेदन तथा अध्ययन शुल्क, पि.टि.ई(PTE), स्याट(SAT), यु.एस.एम.एल.इ(USMLE), जि.आर.ई(GRE), ए.सी.सी.ए(ACCA) जस्ता कोर्सहरुको शुल्क तथा सेभिज (SEVIS) शुल्कको भुक्तानी गरिदिनेछ। यस किसिमको सेवाको शुभारम्भ सँगै ग्राहकहरुको नविनत्तम भुक्तानीका माध्यमहरुको प्रयोग गरी शुल्क भुक्तानी गर्ने चाहानाको सम्बोधन हुने विश्वास बैंकले लिएको छ।

यस अघि पनि यस बैंक र नेपाल क्लियरिङ हाउस (एनसीएचएल) बीच नेपाल र भारत बिच अन्तरदेशीय कारोबार भुक्तानी सहजीकरणका लागि समझदारी पत्रमा हस्ताक्षर भएको थियो। डिजिटल भुक्तानीका माध्यमहरुको नविनतम प्रयोग प्रति बैंक सँधै प्रतिबद्ध रहेको र नेपालभर रहेको शाखा सञ्जाल तथा मर्चेन्ट नेटर्वकको माध्यमबाट अन्तरदेशीय क्युआर भुक्तानीमा समेत अग्रणी सेवा प्रदायकको रुपमा स्थापित हुने विश्वास बैंकले लिएको छ।

# महालक्ष्मी विकास बैंकले ८.९९ प्रतिशतमै हरित घर कर्जा प्रदान गर्ने




महालक्ष्मी विकास बैंकले ग्राहकहरुलाई लक्षित गरी महालक्ष्मी हरित घर कर्जा एकल अंकको ब्याजदर ८.९९ प्रतिशतमा नै प्रदान गर्ने भएको छ।

दिगो र वातावरणमैत्री कर्जा प्रदान गर्ने बैंकको निति बमोजिम बैंकले यस्तो कर्जा प्रदान गर्न लागेको हो। जल उर्जा, फोहोर पानी निर्मलीकरण, वायु उर्जा, सौर्य उर्जा, जैविक उर्जा लगायतका कृषि तथा वन जंगलमा आधारित भएर निर्माण गरिने घरको लागि यस्तो कर्जा प्रदान गरिनेछ। न्यूनतम २ वर्ष देखी अधिकतम ३० वर्ष अवधी रहने गरी बैंकले कर्जा प्रदान गर्नेछ। यस्तो कर्जा वातावरणीय विशेषता पुष्टी गर्न सक्ने तथा नवीकरणीय वा दिगो स्रोतहरुको प्रयोग गरेर/गरिएका घर खरिद गर्न, घर निर्माण गर्न, अर्पाटमेन्ट खरिद गर्न, घर थप/पुर्ननिर्माण/मर्मत सम्भार गर्न प्रदान गरिनेछ। यस्तो कार्यबाट वातावरण संरक्षण गर्न, दिगो विकासको प्रबर्द्धन गर्न तथा नेपाल राष्ट्र बैकको नियामकीय निर्देशनको पालना गर्न समेत सहयोग पुग्ने विश्वास बैंकले लिएको छ।

# विभिन्न संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रमहरु सम्पन्न

महालक्ष्मी विकास बैंक लि. ले स्थापनाकालदेखि नै विभिन्न संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत आफ्ना शाखाहरु मार्फत विभिन्न कार्यहरु गर्दै आएको छ। देशैभरी फैलिएका यस महालक्ष्मी विकास बैंक लि. का विभिन्न शाखाहरुमार्फत अनवरत रुपमा शिक्षा, स्वास्थ्य, वातावरणीय सरसफाई जस्ता प्रमुख क्षेत्रहरुमा उल्लेखनीय योगदान दिने कार्यलाई निरन्तरता दिँदै आर्थिक वर्ष २०८१/८२ को दोस्रो त्रैमासमा निम्न बमोजिमका सामाजिक हितका कार्यहरु गरिएको छ।

## महालक्ष्मी विकास बैंकद्वारा अटिजम सिकाई केन्द्रलाई सहयोग




महालक्ष्मी विकास बैंकको दमक शाखाद्वारा सरस्वती माध्यमिक विद्यालय, दमक-०९, इटाभट्टा, झापाले सञ्चालन गरेको अटिजम सिकाई केन्द्रलाई अटिजम भएका विधार्थीहरुको शैक्षिक क्रियाकलापहरुलाई थप प्रभावकारी रुपमा सञ्चालन गर्न एक थान कम्प्युटर र एक थान प्रिन्टर सहयोग स्वरुप प्रदान गरेको छ। मिति २०८१/०९/२३ गते विद्यालयमा आयोजित एक कार्यत्रमका बिच विद्यालयको प्रधानध्यापक ज्यूलाई उक्त सामाग्रीहरु हस्तान्तरण गरिएको थियो। हाल विद्यालयमा अध्ययनरत २४ जना अटिजम भएका विधार्थीहरु यस कार्यबाट प्रत्यक्ष रुपमा लाभान्वित हुनेछन्।

## महालक्ष्मी विकास बैंकद्वारा कर्णाली प्रदेश अन्तर्गतका विधार्थीहरुलाई छात्रवृत्ति प्रदान




महालक्ष्मी विकास बैंकले कर्णाली प्रदेश अन्तर्गत १० जिल्लाका सरकारी विद्यालयबाट माध्यमिक शिक्षा परिक्षा (एसइइ) पास गरी काठमाण्डौं उपत्यकामा प्लस टु तथा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (सिटिईभिटी) अन्तर्गत डिप्लोमा अध्ययन गर्न चाहाने तर घरको आर्थिक अवस्था नाजुक भएका गरिब तथा जेहेन्दार विधार्थीहरुलाई कर्णाली प्रदेश पर्यटकीय तथा साँस्कृतिक संरक्षण केन्द्र, कालिकोटसँगको समन्वयमा मिति २०८१/०९/१६ गते बैंकको केन्द्रीय कार्यालयमा आयोजित एक कार्यत्रमका बिच छात्रवृत्ति बराबरको रकम प्रदान गरिएको हो।

## परियोजना न्यानोलाई आर्थिक सहयोग




महालक्ष्मी विकास बैंकको लालबन्दी शाखाद्वारा रोटरी क्लब अफ ठमेल काठमाण्डौं र रोटऱ्याक्ट क्लब अफ थेम्स इन्टरनेशनल कलेजको संयुक्त पहलमा आयोजना गरिएको परियोजना "परियोजना न्यानो" अन्तर्गत मिति २०८१ साल पौष १३ गते ईश्वरपुर नगरपालिका वडा न. २, सर्लाहीका सीमान्तकृत मुसहर समुदायलाई न्यानो डस्ना, ब्ल्याङ्केट र कपडाहरु वितरण गर्न आर्थिक सहयोग गरिएको छ।

## महालक्ष्मी विकास बैंकद्वारा डस्टबिन वितरण




महालक्ष्मी विकास बैंकको राजापुर शाखाद्वारा मिति २०८१/०८/२२ गते देखी मिति २०८१/०८/२९ गते सम्म धार्मिक सप्ताह श्रीमद् भागवत ज्ञानमहायज्ञ संचालन भएकोमा अमर शहिद बहुमुखी क्याम्पस सँगको सहकार्यमा उक्त अवधिभर जथाभावी भएको फोहोर संकलन तथा क्याम्पस रोड र क्याम्पस परिसर भित्र सरसफाई गर्न तथा फोहोरमैलाहरु व्यवस्थापन गर्न डस्टबिनहरु वितरण गरेको छ।

# अन्तर्राष्ट्रिय अपाङ्ग दिवसको अवसरमा महालक्ष्मी विकास बैंकद्वारा सेतो छडी लगायतका सामग्रीहरु वितरण

मिति २०८१/०८/१८ (तदनुसार डिसेम्बर ०३, २०२४)परेको अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा महालक्ष्मी विकास बैंकले सस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत सेतो छडी लगायतका सामग्रीहरु वितरण गरेको छ।

संयुक्त राष्ट्र संघ तथा नेपाल सरकारले तय गरेको नारा “ समावेशी तथा दिगो भविष्यको पूर्वाधार, अपाङ्गता भएका व्यक्तिहरुको प्रबल नेतृत्व यसको आधार” लाई आत्मसात गर्दै बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत अपाङ्गता संरक्षण नेपाल सँगको सहकार्यमा शारीरिक अपाङ्गता भएका तथा दृष्टिविहिनहरुलाई सहयोग गर्ने उद्धेश्य अनुरुप बैंकको केन्द्रीय कार्यालय दरबारमार्गमा मिति २०८१/०८/१८ गते आयोजित एक कार्यक्रमका बीच सेतो छडी लगायतका सामग्रीहरु वितरण गरिएको हो । यस किसिमका कार्यहरुबाट अपाङ्गता भएका व्यक्तिहरुको सहज जीवन यापन गर्न तथा समावेशी तथा दिगो भविष्यको आधार निर्माण गर्न सहयोग पुग्ने विश्वास बैंकले लिएको छ।




साथै बैंकले अपांगता भएका व्यक्तिहरुको बैंकिङ्ग कारोबारलाई थप सहजीकरण गर्नको निमित्त उपलब्ध स्रोत साधनहरुको अधिकत्तम प्रयोग गरी बैंकको दरबारमार्ग शाखालाई अपांगमैत्री शाखाको रुपमा विकास गर्न प्रयास गर्नेछ। साथै अपांगता भएका व्यक्तिहरुलाई सहज सेवा प्रदान गर्नको लागि दरबारमार्ग शाखामा एक जना कर्मचारीलाई सम्पर्क व्यक्ति तथा फोकल पर्सनको रुपमा खटाइएको छ।

## महालक्ष्मी विकास बैंकद्वारा सर्वोदय परियोजनालाई आर्थिक सहयोग




सर्वोदय परियोजना नामक गैह सरकारी संस्थासँगको समन्वयमा दृष्टिविहिन कलाकारहरुको असाधारण प्रतिभालाई उजागर गर्दै समावेशिता, विविधता र सिर्जनशिलतालाई प्रबर्द्धन गर्न आयोजित “ Sensation Unseen : अदृश्य मोतीहरु” नामक कार्यक्रम सञ्चालन गर्नको निमित्त बैंकले आर्थिक सहयोग गरेको छ । यस कार्यबाट अपाङ्गता भएका व्यक्तिहरुको प्रतिभा प्रस्तुत गर्न तथा समाजमा आफ्नो उपस्थिति देखाउन सहयोग पुग्ने साथै समावेशी समाज निमार्ण गर्न सहयोग पुग्ने विश्वास बैंकले लिएको छ।

## महालक्ष्मी विकास बैंकद्वारा पोलार ज्याकेट वितरण




थाहा नगरपालिका-११, देउराली, मकवानपुर स्थीत श्री कालिदेवी प्राथमिक विद्यालयमा अध्ययनरत ८३ जना विधार्थीहरु मध्ये ५५ जना विपन्न वर्गका विधार्थीहरुमा न्यानो कपडाको अभावमा जाडो मौसममा विभिन्न स्वास्थ्य समस्याहरु देखिएको र पठनपाठनमा समेत प्रत्यक्ष रुपमा असर पर्न गएकोले यस बैंकको पालुङ्ग शाखा द्वारा मिति २०८१/०९/२७ गते एक कार्यक्रमका बीच ५५ थान पोलार ज्याकेट वितरण गरिएको छ। यस कार्यबाट विद्यार्थीहरुको पठनपाठनमा सहज हुने विश्वास लिइएको छ।

# Training Details of 2nd Quarter, Fiscal Year 2081/82

| SN | Training / Seminar/ Conference | Date (From) | Date (To) | Number of Participants |
|---|---|---|---|---|
| 1 | Workplace Communication & Office Etiquettes | 2081/07/10 | 2081/07/10 | 36 |
| 2 | Workplace Harassment and Safety | 2081/07/09 | 2081/07/09 | 2 |
| 3 | KRA, KPI & Performance Management System | 2081/08/14 | 2081/08/15 | 4 |
| 4 | Digital Banking Conference- 2024 | 2081/08/06 | 2081/08/06 | 4 |
| 5 | Operational Risk Management | 2081/08/14 | 2081/08/14 | 3 |
| 6 | Interaction Program on Current Issues & Financial Literacy | 2081/08/16 | 2081/08/16 | 1 |
| 7 | Risk & NPA Management | 2081/08/13 | 2081/08/14 | 2 |
| 8 | Leadership & Vision Alignment & Customer Service Experience | 2081/08/14 | 2081/08/15 | 73 |
| 9 | Leadership & Vision Alignment & Customer Service Experience | 2081/08/29 | 2081/08/30 | 41 |
| 10 | The Startup Network | 2081/09/02 | 2081/09/02 | 10 |
| 11 | Sales, Marketing & Negotiation Skill Enhancement | 2081/08/15 | 2081/08/15 | 32 |
| 12 | Sales, Marketing & Negotiation Skill Enhancement | 2081/07/30 | 2081/07/30 | 58 |
| 13 | Sales, Marketing & Negotiation Skill Enhancement | 2081/08/08 | 2081/08/08 | 35 |
| 14 | Signature Verification & Counterfiet Notes Detection | 2081/08/29 | 2081/08/29 | 28 |
| 15 | Workplace etiquettes for support staff | 2081/09/06 | 2081/09/06 | 2 |
| 16 | Sales, Marketing & Negotiation Skill Enhancement | 2081/08/29 | 2081/08/29 | 24 |
| 17 | Training of the Trainers (ToT) | 2081/08/21 | 2081/08/22 | 36 |
| 18 | Compliance of employee service rules (ESR) & Disciplinary Action: Idea, Purpose & Process | 2081/09/04 | 2081/09/05 | 2 |
| | **Total** | | | **393** |



२०८१/०८/२१ मा **"Training of Traineers"** शीर्षक अन्तर्गत नगरकोट, भक्तपुरमा आयोजित तालिम कार्यक्रम



**"Sales, Marketing & Negotiation Skill Enhancement"** शीर्षक अन्तर्गत मिति २०८१/०८/२९ मा पोखरामा आयोजित तालिम कार्यक्रम



मिति २०८१/०८/२९ मा **"Leadership & Vision Alignment & Customer Service Experience"** अन्तर्गत डडेल्धुरामा आयोजना गरिएको कार्यक्रम



मिति २०८१/०७/३० मा **"Sales, Marketing & Negotiation Skill Enhancement"** अन्तर्गत काठमाण्डौंमा आयोजना गरिएको कार्यक्रम

# ग्राहकहरूलाई विभिन्न संस्थाका सेवाहरूमा विशेष छुट

महालक्ष्मी विकास बैंकका डेविट अथवा क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ्ग प्रयोग गर्ने ग्राहकहरुले विभिन्न संस्थाहरुका विभिन्न सेवाहरुमा विशेष छुट प्राप्त गर्न सक्छन् । उक्त संस्थाहरु र प्राप्त गर्न सकिने छुट निम्नलिखित छन्ः

| संस्थाको नाम | ठेगाना | सेवा | छुट |
|---|---|---|---|
| Skywalk Nepal | Kamaladi-28,Kathmandu | Skywalk Tower Entry Ticket | 15% |
| Smart Talk Pvt. Ltd | Dillibazar-30,Kathmandu | One Plus Smart Phones, Tablet and Other Accessories (all available models) only at head office. | 6% |





## Monthly Saving Account Opening Target Acheivers Second Quarter Fiscal Year 2081/82

| Kartik 2081 |
|---|
| SURYA PURA |
| MAHILWAR(LBN) |
| AMARPATH |
| CHANDRAUTA |
| RAJAPUR |
| PARASI |
| GONGABU |
| RUKUM |
| LAKESIDE(PKR) |
| RUPANI |
| BIJAYPUR(PKR) |
| BHAIRAWA |
| HETAUDA |
| SISUWA |
| MANGALSEN |
| SANFEBAGAR |
| MASURIYA |
| SATUNGAL |
| MANIGRAM |
| DURBAR MARGH |
| NEWROAD(KTM) |
| MARTADI-BAJURA |
| PRASAUNI |
| DHAKDHAI |
| THUTIPIPAL |
| THUTIPIPAL |

| Mangsir 2081 |
|---|
| LAMAHI |
| MAHILWAR(LBN) |
| SURYA PURA |
| MASURIYA |
| RAJAPUR |
| PAKADI |
| GONGABU |
| BHAIRAWA |
| PRASAUNI |
| MANIGRAM |
| CHANDRAUTA |
| CHIPLEDHUNGA(PKR) |
| DHAKDHAI |
| AMARPATH |
| BETHARI |
| THUTIPIPAL |
| BIRTAMOD |
| BICHBAZAR(DHD) |
| BHAKTAPUR |
| RUKUM |
| LALBANDI |
| HETAUDA |
| PARASI |
| SANFEBAGAR |
| DHALKEBAR |
| LAKESIDE(PKR) |
| BIJAYPUR(PKR) |
| TIKAPUR |
| BELAURI |

| Poush 2081 |
|---|
| PRASAUNI |
| KOTESHWOR |
| TINCHULI |
| MASURIYA |
| CHANDRANIGHAPUR |
| AMARPATH |
| BETHARI |
| SURYA PURA |
| THUTIPIPAL |
| GONGABU |
| PARASI |
| MANAHARI |
| MAHILWAR(LBN) |
| GHORAHI-DANG |
| NAYABAZAR(PKR) |
| BHAIRAWA |
| DURBAR MARGH |
| PAKADI |
| GOKULESWOR-DARCHULLA |
| SISUWA |
| CHIPLEDHUNGA(PKR) |
| BIRATNAGAR |
| RUKUM |
| BAUNIYA |
| MARTADI-BAJURA |
| HASULIYA |
| KALIMATI |
| BICHBAZAR(DHD) |
| KAWASOTI |
| RAJAPUR |
| PIPALLA |
| RUPANI |
| MANIGRAM |
| SURKHET |
| NEWROAD(PKR) |
| DHALKEBAR |
| BANSGADHI |
| KAMANE(HTD) |
| LALBANDI |
| BIRTAMOD |
| HETAUDA |
| BIJAYPUR(PKR) |
| BELAURI |
| DHAKDHAI |

# महालक्ष्मी घर-दैलो कार्यक्रम सम्पन्न

बैंकका १०३ वटै शाखाहरु मार्फत हरेक महिना कम्तिमा पनि एउटा घर-दैलो कार्यक्रम सञ्चालन हुँदै आईरहेको छ । आर्थिक बर्ष २०८१/८२ को दोस्रो त्रैमासमा विभिन्न शाखाहरु मार्फत सम्पन्न भएका घर-दैलो कार्यक्रमहरुका केही झलकहरुः






बैंकको शाखा कार्यालयहरु पिपल्ला, तिनचुली र लम्कीले आयोजना गरेको घरदैलो कार्यक्रमका केही झलकहरु

# महालक्ष्मी विकास बैंकद्वारा विभिन्न वित्तीय साक्षरताका कार्यक्रमहरू सम्पन्न

महालक्ष्मी विकास बैंकले यस आर्थिक वर्षको पहिलो र दोस्रो त्रैमासको अन्त्यसम्म देशका विभिन्न शाखा कार्यालयहरु मार्फत विभिन्न वित्तीय साक्षरताका कार्यक्रमहरु सम्पन्न गरेको छ । आर्थिक वर्ष २०८१/८२ को पहिलो त्रैमासमा बाजुरा, कमलविनायक , विराटनगर, चन्द्रौटा, चरिकोट, गंगबु, सिमरा र ठुटीपिपल शाखाले वित्तीय साक्षरता कार्यत्रम सम्पन्न गरेका छन् भने यहीं आर्थिक वर्षको दोस्रो त्रैमासमा विजयपुर, विर्तामोड, धादिङ्गबेशी, गोलबजार, लमही, नारायणगढ, नेपालगंज, साँफेबगर र तुल्सीपुर शाखाले वित्तीय साक्षरताका कार्यक्रमहरु सम्पन्न गरेका छन् । उक्त कार्यत्रमहरुमा किसान, लघु तथा साना उद्यमी, दैनिक ज्यालादारी, वैदेशिक रोजगारमा जाने सम्भावित कामदार, विधार्थी, महिला गरी करिब ७३० भन्दा बढीको सहभागिता रहेको थियो । यस्ता कार्यत्रमहरुबाट बचत गर्ने बानीको विकास गर्ने, कर्जाका प्रकार जानकारी गराई उपयुक्त कर्जा छनोट गर्न सक्षम बनाउने, नगद रहित विद्युतीय उपकरणको प्रयोग बढाउने, नोटको जतन गर्ने बानीको विकास गर्ने, औपचारिक वित्तीय प्रणलीबाट विप्रेषण भित्र्याउने, वित्तीय सेवा प्रदायक संस्था र तिनका सेवाको जानकारी गराउने लगायतका कार्यहरुमा सहयोग पुग्ने विश्वास बैंकले लिएको छ ।







बैंकको शाखा कार्यालयहरु त्रमशः बिर्तामोड, धादिङ्गबेशी, गोलबजार र तुल्सीपुर ले गरेका वित्तीय साक्षरता कार्यत्रमका केही झलकहरु

# Monthly Loan Target Acheivers 2nd Quarter Fiscal Year 2081/82

| Kartik 2081 | |
|---|---|
| Bardibas | Kamane-hetauda |
| Bhatbhateni | Newroad(Pkr) |
| Damak | Shankhamul |
| Gongabu | Sukedhara |
| Hetauda | Tandi-Ratnanagar |
| Kalimati | Tinchuli |

| Mangsir 2081 |
|---|
| Bhatbhateni |
| Gongabu |
| Kalimati |
| Lamahi |
| Newroad(Pkr) |
| Shankhamul |

| Poush 2081 | | |
|---|---|---|
| Bhaktapur | Gongabu | Putalisadak |
| Bhatbhateni | Hetauda | Shankhamul |
| Biratnagar | Jhamsikhel Branh | Sukedhara |
| Dallu | Kalimati | Tandi-Ratnanagar |
| Durbar Margh | Kamane-hetauda | Thutepipal |
| Ghorahi-Dang | Lamahi | |
| Gokuleswor-Darchulla | Newroad(Pkr) | |


महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
सबल बैंक, सफल सहकार्य
BPA 2018
SAFA 2018
L&D BFIN 2023
ISO
घरको सपना पूरा गर्नुहोस् अब
महालक्ष्मी ग्रीन होम लोनसंग !
८.९९%
वार्षिक ब्याजदर
* T&C Applied
SCAN ME TO APPLY
www.mahalaxmibank.com

# आजको बचत

# भोलिको खुशी !





**Published by Mahalaxmi Bikas Bank**



महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था।)

सबल बैंक सफल सहकार्य

2nd Floor Annapurna Arcade II
Durbarmarg, Kathmandu, Nepal
Phone No.: +977-01-5368719, 5368720
Toll Free No.: 16600115015
Email: info@mahalaxmibank.com.np
Website: www.mahalaxmibank.com